सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा

संक्षिप्त आदेश

०७६-WH-०३३०

मुद्दाः- बन्दीप्रत्यक्षीकरण समेत

विमल खनालको हकमा अधिवक्ता तेजप्रसाद खराल ---------------------------------- निवेदक

विरुद्ध

उच्च अदालत-पोखरा, बाग्लुङ इजलास समेत----------------------------------------- विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु श्री तेजप्रसाद खराल, श्री सन्तोष भण्डारी र श्री लक्ष्मी नानी थापा तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत निवेदन कोरोना भाइरसको महामारीले जन्माएको विपद्को परिस्थितिमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ अन्तर्गतको निवेदन दर्ता भएको र कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको र बन्दाबन्दीको उद्देश्य शारीरिक दुरी कायम गरी महामारीबाट बचाउने तथा बन्दाबन्दीको विशेष परिस्थितिबाट बन्दीप्रत्यक्षीकरण बाहेक अन्य उपचारको हकहरु समेत अवरुद्ध भएको परिवर्तित सन्दर्भमा मिति २०७६।१०।२२ को बाग्लुङ जिल्ला अदालतको र मिति २०७६।११।२९ को उच्च अदालत पोखरा, बाग्लुङ इजलासको पूर्व आदेशहरु नै कायम रहेको अवस्थामा उक्त आदेश विपरीत गर्न नमिल्ने भनिएको बाग्लुङ जिल्ला अदालतको मिति २०७६।१२।२१ को आदेश र सो आदेशलाई सदर गर्ने उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७७।०१।०२ को आदेश हालको अवस्थामा असान्दर्भिक र न्यायसंगत देखिएन।

आज सिङ्गो देश बन्दाबन्दी (Lockdown) को स्थितिमा रहेको अवस्थामा कारागारमा रहेको थुनुवा/कैदीको पनि अन्य नागरिकको जीवनको सुरक्षा, स्वास्थ्यको सुरक्षा तथा संक्रमणबाट सुरक्षित राख्नु पर्ने दायित्व राज्यमा रहेको छ। थुनुवा/कैदीको हकमा पनि न्यूनतम् मानविय व्यवहार गर्नुपर्ने देखिन्छ। कारागारको क्षमता भन्दा बढी कैदी रहेको भनी निवेदनमा नै उल्लेख भएको र बहसको क्रममा प्रस्तुत तथ्याङ्कबाट पनि देखिएको अवस्थामा

बन्दाबन्दी (Lockdown) मा भिड कम गर्दै शारिरीक दुरी कायम गरी संक्रमणको जोखिमबाट संरक्षणको लागि कैदीबन्दीको स्वास्थ्य सुरक्षाको उपयोगितालाई ध्यानमा राखेर बाग्लुङ जिल्ला अदालतबाट भएको मिति २०७६।१२।२१ को आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७७।०१।०२ मा भएको आदेश निवेदकको हकमा वदर हुने ठहर्छ। अब रिट निवेदकको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतको उपयुक्त आदेश गर्नु भनी बाग्लुङ जिल्ला अदालतको नाममा यो आदेश जारी गरिदिएको छ। प्रस्तुत रिट निवेदनको आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

न्यायाधीश

न्यायाधीश

इति सम्बत् २०७७ साल वैशाख महिना १४ गते रोज १ शुभम् ----------------------।